## सकारात्मक शरणको एक झलक

**पहिलो चरणः शरण खोज्नेहरुको अमेरिकामा आगमन**

शरण खोज्नेहरुले साधारणतया INA § 208(a) अन्तर्गत शरणको आवेदन गर्न योग्य हुन्छन् यदि यी पुरुष वा महिला १) अमेरिका आउँदै गरेको वा शारीरिक रुपमा उपस्थित भएको, र २) अमेरिका आएको एक वर्ष भीत्रमा आवेदन दिएको वा एक वर्षको हदम्यादको आवश्यकताको अपवादका कारण पेश गरेमा।

**दोस्रो चरणः शरण खोज्नेद्वारा शरणका लागि आवेदन**

शरण खोज्नेले फाराम आई-५८९, एप्लिकेसन फर एसाइलम एन्ड फर विदहोल्डिंग अफ रिमोभल (Application for Asylum and for Withholding of Removal) भरेर उचित सेवा केन्द्रमा बुझाउनु।

**तेस्रो चरणः आवेदकको औँठाछाप लिनु र पृष्ठभूमि सुरक्षा जाँच गर्नु**

१३ वर्ष वा सोभन्दा माथिका आवेदकहरुले सेवा केन्द्रबाट एउटा सूचना पाउने छन् जसमा आवेदन सहयोग केन्द्र वा आधिकारिक कानुन कार्यान्वयन एजेन्सी ( authorized Designated Law Enforcement Agency) मा गई औँठाछाप दिन भनिएको हुन्छ।

**चौथो चरणः आवेदकलाई अन्तर्वार्ताको सूचना प्राप्त**

अधिकांश मुद्दाहरुमा आवेदकले पूर्ण रुपमा भरिएको आई-५८९ फाराम बुझाएको २१ दिनभित्र शरण अन्तर्वार्ताका लागि मिति, स्थान र समय उल्लेख भएको सूचना प्राप्त गर्नेछन्।

**पाँचौ चरणः आवेदकको अन्तर्वार्ता लिइन्छ**

आवेदकलाई आर्लिङ्टन, भी ए; सिकागो, आई एल; हस्टन, टी एक्स; लस एन्जलस, सी ए; मायामी, एफ एल; नेवार्क (लिन्डहर्स्ट), एन जे; न्युयोर्क (रोजडेल), एन वाई र सान फ्रन्सिस्को, सी एमा रहेका आठ शरण कार्यालयहरुमध्ये एउटामा वा आवेदक यी शरण कार्यालयभन्दा निकै टाढा बस्ने भए जिल्ला कार्यालयका शरण अधिकारीले अन्तर्वार्ता लिनेछन्।

अधिकांश मुद्दाहरुमा, आवेदन बुझाएको ४३ दिनभित्र आवेदकको अन्तर्वार्ता लिइन्छ, यद्यपि जिल्ला कार्यालयमा अन्तर्वार्ता लिइने व्यक्तिहरुका लागि समय सीमा लामो हुनसक्छ किनभने शरण अधिकारीहरुले यी कार्यालयहरुमा यात्रा गर्नका लागि व्यवस्था मिलाउनु पर्ने हुन्छ।

**छैठौं चरणः शरण अधिकारीले योग्यताको निर्धारण गर्नेछन् र सुपरीवेक्षक शरण अधिकारीले निर्णयको समीक्षा गर्नेछन्**

शरण अधिकारीले आवेदक INA § 101(a)(42)(A) मा उल्लेख भए अनुसार शरणार्थीको परिभाषाभित्र पर्छ कि पर्दैन भनी निर्धारण गर्नेछन् र INA § 208(b)(2) अनुसार शरण दिनबाट बन्देज छ कि छैन भनेर पनि हेर्नेछन्। एक सुपरीवेक्षक शरण अधिकारीले कानुन अनुरुपको छ कि छैन भनी शरण अधिकारीको निर्णयको समीक्षा गर्नेछन्।

**सातौं चरणः आवेदकले निर्णय प्राप्त गर्छ**

अधिकांश मुद्दाहरुमा अन्तर्वार्ता सकिएको दुई हप्तापछि आवेदक शरण कार्यालयमा निर्णय प्राप्त गर्न जान्छ। आवेदकले सामान्यतया आवेदन बुझाएको ६० दिनभित्र निर्णय प्राप्त गर्छ।

यद्यपि, सुरक्षा वा पृष्ठभूमि परीक्षण थाती रहेका कारण मुद्दाको निर्णयहरु ढिला हुनसक्छन्। हाल वैध स्थितिमा रहेका आवेदकका लागि, जिल्ला कार्यालयमा अन्तर्वार्ता लिइएका आवेदकका लागि, वा आफ्ना मुद्दाको शरण विभागको मुख्य कार्यालयका कर्मचारीहरुले समीक्षा गरिरहेका आवेदकहरुका लागि लामो प्रशोधन समय लाग्न सक्छ। यस्तो अवस्थामा ती आवेदकहरुलाई निर्णय सामान्यतया हुलाकबाट पठाइनेछ।

## थप स्रोतहरु

अमेरिकी सरकारलाई शुल्कको भार नपर्ने गरी तपाईँलाई शरण अन्तर्वार्तामा आफ्नै कानुनी प्रतिनिधि राख्ने अधिकार छ,। तपाईंले आफूलाई सहयोग गर्न सक्ने प्रो बोनो (निःशुल्क वा कम शुल्क) का अटोर्नीहरु, गैर सरकारी तथा सामुदायिक संगठनहरुको सूचि यसरी प्राप्त गर्न सक्नुहुन्छः

- हाम्रो वेबपेज हेर्ने, जहाँ निःशुल्क कानुनी सल्लाहका जानकारी प्रदान गरिएको हुन्छ।
- फाराम अनुरोध गर्ने लाइन १-८०० - ८७० - ३६७६ मा फोन गरेर।
- अध्यागमन समीक्षाका लागि डी ओ जे (DOJ) कार्यकारी कार्यालयको वेबसाइट http://www.usdoj.gov/eoir मा गएर हेर्ने।
- तपाइँको घर नजिकैको शरण कार्यालय वा जिल्ला कार्यालयमा सम्पर्क राखेर।

तपाइँको फाराम आई-५८९ (I-589) भर्न सहयोग गर्न सक्ने मान्छेहरु पहिचान गर्न संयुक्त राष्ट्र संघको शरणार्थीका लागि उच्चायोग (यु एन एच सी आर) का प्रतिनिधिहरुले सहयोग गर्न सक्छन्। यु एन एच सी आर लाई सम्पर्क गर्न फोन गर्नुस्
(२०२)-२९६-५१९१ वा हेर्नुस् http://www.unhcr.org

*यस पुस्तिकामा छलफल गरिएका विषयहरुका बारेमा थप जानकारी चाहिएमा, कृपया जानुस्:*

*http://www.uscis.gov/asylum* वा फोन गर्नुस् १-८००-३७५-५२८३

U.S. Citizenship and Immigration Services

सुरक्षा • इमान्दारी • सेवा

## यु एस सी आई एस शरणार्थी कार्यक्रम



## संभावित शरणार्थी आवेदकहरुका लागि जानकारी निर्देशन

U.S. Citizenship and Immigration Services

www.uscis.gov/asylum

## शरण प्रक्रियाको बारेमा

*जाति, धर्म, राष्ट्रियता, कुनै सामाजिक समूहको सदस्यता, वा राजनैतिक विचारका आधारमा आफूमाथि सास्ती भएको वा हुन जाने भयका कारण हरेक वर्ष सुरक्षा खोज्दै अमेरिकामा मानिसहरु आउने गर्छन्। तिनीहरु मध्ये शरणका लागि उपयुक्त भेटिएकाहरुलाई अमेरिकामा बस्न अनुमति दिइन्छ।*

**शरण के हो ?**

शरण भन्नाले सास्तीका डरले सुरक्षाका लागि आफ्नो देशबाट निस्केर उपयुक्त शरणार्थीका रुपमा अमेरिकामा बस्नु र पछि कानुनी रुपमा यहींको स्थायी बासिन्दा बन्नु हो।

**शरणका लागि कसले आवेदन दिन सक्छन् ?**

हाल अमेरिकामा रहेका कुनै पनि देशका नागरिक वा प्रवेश नाका (विमानस्थल, समुद्री प्रवेश नाका वा सीमा) मा प्रवेश खोजिरहेका व्यक्तिहरु।

**मैले शरणका लागि आवेदन कहिले दिनुपर्नेछ ?**

सामान्यतया तपाइँले पछिल्लो पटक अमेरिका आइपुगेको एक वर्षभित्र शरणका लागि निवेदन दिनुपर्छ। यी अपवादहरु लागू हुन सक्छन् जस्तै (१) तपाइँको मातृभूमिमा भएका परिवर्तनहरु जसले तपाइँको योग्यतामा असर पार्छ वा (२) ढिला दर्ता गर्नका लागि असामान्य कारणहरु।

**यदि म यहाँ गैरकानुनी रुपमा बसिरहेको छु भने पनि शरणका लागि आवेदन दिन सक्छु ?**

सक्नुहुन्छ। तपाइँको अध्यागमन स्थिति जे भए पनि तपाइँले आवेदन दिन सक्नुहुन्छ यदि तपाई पछिल्लो पटक आएको एक वर्षभत्रमा आवेदन दिएको खण्डमा वा त्यो नियम पालन गर्न अपवादका लागि योग्य भएको देखाउन सक्नुभएमा।

**यदि म कुनै अपराधमा दोषीको अभियोग लगाइएको छु भने पनि आवेदन दिन सक्छु ?**

सक्नुहुन्छ। यद्यपि, अपराधको प्रकृति हेरेर तपाइँलाई शरण प्रदान गर्नबाट रोक्न पनि सकिन्छ।

**के मलाई आवेदन दिन वा शरण प्रदान गर्नबाट रोक लगाउन सकिन्छ ?**

तपाइँलाई शरणका लागि आवेदन दिनबाट रोक लगाउन सकिन्छ यदि तपाइँले पहिले पनि शरणका लागि आवेदन दिनुभएको र अध्यागमन न्यायाधीश वा अध्यागमन अपीलको बोर्डले अस्वीकृत गरेको छ भने, तपाइँले पछिल्लो पटक आउनु भएको एक वर्षभित्र आवेदन दिनुभएको रहेनछ भने, वा तपाइँलाई द्विपक्षीय वा बहुपक्षीय सम्झौता अनुसार सुरक्षित रुपमा तेस्रो देशमा पठाउन सकिन्छ भने। तपाईं कुनै निश्चित आपराधिक गतिविधि, सुरक्षासँग सम्बन्धित मामला वा अरु कसैको अभियोगमा संलग्न हुनुहुन्छ भने वा अर्को देशमा राम्रोसँग पुनर्स्थापित भइसक्नुभएको छ भने पनि तपाइँलाई शरण पाउनबाट रोक लगाउन सकिन्छ। केही अपवादहरु लागू हुन सक्छन्। यदि तपाइँलाई शरणको आवेदन दिनलाई रोक लगाइएको छ भने, यद्यपि, तपाइँलाई हटाउनबाट अझै पनि रोक्न, अर्को, हटाउने क्रममा अझ सीमित प्रकृतिको सुरक्षा

## शरण प्रक्रियाबारे प्राय: सोधिएका प्रश्नहरु

**शरणका लागि म कसरी आवेदन दिन सक्छु ?**

शरणका लागि आवेदन दिन तपाइँले आई-५८९ फाराम, एप्लिकेसन फर एसाइलम एन्ड फर विदहोल्डिंग अफ रिमोभल भर्नुपर्छ र त्यसका निर्देशनहरुलाई ध्यानपूर्वक पालना गर्नुपर्छ। फाराम यो वेबसाइट http://www.uscis.gov/forms मा अनलाइन उपलब्ध छ र १-८००-८७०-३६७६ मा फोन गरी पनि अनुरोध गर्न सकिन्छ।

**शरणको आवेदन दिन कति शुल्क लाग्छ ?**

शरणका लागि आवेदन दिन कुनै शुल्क लाग्दैन।

**मेरो मुद्दामा मैले मेरो श्रीमान/श्रीमती र बालबालिकालाई पनि समावेश गर्न सक्छु ?**

अमेरिकामा भएका तपाइँका श्रीमान/श्रीमती र बालबालिकाहरुलाई तपाइँले आवेदन दिँदा वा तपाईको मुद्दाको अन्तिम निर्णय नभएसम्म जुनसुकै बेला संलग्न गर्न सक्नुहुन्छ। तपाइँको आवेदनमा तपाईसित निर्भर व्यक्तिका रुपमा संलग्न गर्न बालबालिका २१ वर्षुनिको र अविवाहित हुनुपर्छ। शरणका लागि अन्तर्वार्ताका क्रममा तपाइँ उनीहरुलाई ल्याउन सक्नुहुन्छ।

**यदि मैले शरणका लागि आवेदन दिएँ भने के मेरो सुरक्षा र पृष्ठभूमि परीक्षण गरिन्छ ?**

गरिन्छ। शरणका लागि निवेदन दिने प्रत्येक व्यक्तिको पृष्ठभूमि र सुरक्षा जाँच गरिन्छ। यही परीक्षणको परिणामस्वरुप तपाइँलाई शरण प्राप्तिका लागि अयोग्य ठहराइन पनि सकिन्छ।

**मैले शरणका लागि आवेदन दिँदा मेरो औँठाछाप लिइन्छ ?**

लिइन्छ। तपाइँले आफ्नो शरण आवेदन बुझाउनु भए पछि तपाइँले हुलाकमार्फत् एउटा सूचना पाउनु हुनेछ जसमा आवेदन सहयोग केन्द्रमा तपाइँको औँठाछाप लिने समय, मिति र स्थान उल्लेख गरिएको हुन्छ।

**शरणको निवेदन पेश गरेपछि के म काम गर्न सक्छु ?**

तपाइँले शरणका लागि आवेदन दिएर त्यही समयमा कामको अनुमतिका लागि आवेदन गर्न सक्नुहुन्न। यद्यपि, यदि तपाइँले शरण आवेदन पूरा गर्नुभएको एक सय पचास दिन पूरा भइसकेपछि भने कामको अनुमतिका लागि आवेदन गर्न सक्नुहुन्छ, तपाइँको कारणबाट भएको ढिलाइ नगनिने र आवेदनमाथि कुनै निर्णय नगरिएको हुनुपर्छ। यसबाहेक, यदि शरणार्थीको रुपमा मान्यता दिइयो भने तपाइँको शरणबारेको मुद्दा स्वीकृत हुने बित्तिकै तपाइँले कामका लागि अनुमति पाउनु हुन्छ।

**शरणको आवेदन गरिसकेपछि के म अमेरिका बाहिरको यात्रा गर्न सक्छु ?**

यदि तपाइँको शरणबारेको मुद्दाको अन्तिम निर्णय हुनुअघि नै तपाइँलाई अमेरिका बाहिरको यात्रा गर्न जरुरी भए तपाइँले अग्रिम अनुमति लिनुपर्छ। यसलाई अमेरिकामा फर्कनका लागि अमेरिका छाड्नु अघि नै लिइने अग्रिम जमानी (advance parole) पनि भनिन्छ। यदि तपाइँले अग्रिम जमानी लिनुभएन भने, यु एस सी आई एस ले तपाइँले आफ्नो निवेदन रद्द गर्नुभएको मान्नेछ र तपाइँलाई पुनः अमेरिका प्रवेश गर्न अनुमति नदिन पनि सक्छ। यसबाहेक, यदि तपाइँले अग्रिम जमानी लिएर कारबाही हुन सक्ने डर भएको देशमा फर्कनु भयो भने यु एस सी आई एस ले तपाइँको शरण आवेदनलाई तपाइँले रद्द गरेको मान्नेछ जबसम्म तपाइँले आफ्नो फिर्तीको बारेमा विश्वस्त हुने कारणहरु प्रस्तुत गर्नुहुन्न।

**के मलाई मेरो शरण अन्तर्वार्तामा कसैले सहयोग गर्नसक्छ ?**

तपाइँले अमेरिकी सरकारलाई शुल्कको भार नपर्ने गरी आफ्ना अटोर्नी वा कानुनी प्रतिनिधिलाई शरण अन्तर्वार्ताका लागि ल्याउन सक्नुहुन्छ।

**यदि म अंग्रेजी बोल्दिनँ भने मेरो अन्तर्वार्ता कसरी लिइन्छ ?**

तपाइँलाई एकजना दोभाषेको माध्यमबाट अन्तर्वार्ता लिइनेछ। यु एस सी आई एस ले दोभाषे उपलब्ध गराउँदैन। तपाइँले आफै आफ्नो अन्तर्वार्ताका लागि दोभाषे लिएर आउनु पर्छ। यदि तपाइँको दोभाषेले पर्याप्त मात्रामा अंग्रेजी बोल्न सक्दैन भने तपाइँको अन्तर्वार्ता पुनः अर्कै मितिमा गर्ने गरी मिलाउन सकिन्छ ताकि तपाइँले अझ सक्षम दोभाषे खोज्न सक्नुहोस्।

**मेरो शरण अन्तर्वार्तामा के हुनेछ ?**

तपाइँ शरण कार्यालयमा एक शरण अधिकारीसँगको गैर प्रतिद्वन्दिक (non-adversarial) अन्तर्वार्ताका लागि आउनुहुनेछ, जसले तपाइँको परिचय पुष्टि गर्नेछन् र सामान्य परिचयात्मक प्रश्नहरु सोध्नेछन् र तपाइँले शरण आवेदन दिनुको कारणहरु बारे सोध्नेछन्। अन्तर्वार्तामा तपाइँले बताउनुभएका सबै कुरा गोप्य हुनेछन्। तपाइँले आफ्ना अनुभवहरु शरण अधिकारीलाई संभव भएसम्म विस्तृत रुपमा बताउन आवश्यक छ ताकि उसले तपाइँ शरणार्थी बन्न योग्य हुनुहुन्छ भनेर निर्धारण गर्न सकोस्। शरण अन्तर्वार्ता भएकै दिन तपाइँको मुद्दाको बारेमा निर्णय हुनेछैन।

**शरण अधिकारीले म शरणका लागि योग्य छु कि छैन भनेर कसरी निर्धारण गर्छ ?**

शरण अधिकारीले तपाइँ शरणार्थीको परिभाषाभित्र पर्नुहुन्छ कि हुन्न, तपाइँले आफ्नो आवेदनमा प्रस्तुत गर्नुभएको जानकारी र शरण अधिकारीसँगको अन्तर्वार्ताका आधारमा शरण दिन रोक्नु पर्ने स्थिति छरछैन तथा तपाइँले अधिकारीसमक्ष उपलब्ध गराएको अन्य जानकारीका आधारमा समीक्षा गरेर तपाइँको योग्यताको निर्धारण गर्नेछन्।

**म शरणका लागि अयोग्य भएको फेला परे के हुन्छ ?**

यदि तपाइँ अयोग्य साबित हुनुभयो तर वैध अध्यागमन अवस्थामा हुनुहुन्छ भने वा अमेरिकामा रहन योग्य हुनुहुन्छ (अस्थायी संरक्षणको स्थिति वा, कुनै मुद्दाहरुमा, जमानी) भने तपाइँले सूचना पाउनु हुनेछ जसमा तपाइँको मुद्दालाई अस्वीकार गर्नु र तपाइँ अयोग्य हुनुको कारणहरुको वर्णन गरिएको हुनेछ। तपाइँले यी कारणहरुको खण्डन गर्ने र आफ्नो मुद्दालाई समर्थन गर्ने थप प्रमाणहरु प्रस्तुत गर्ने मौका पाउनु हुनेछ। यदि तपाइँसित वैध अध्यागमनको अवस्था छैन वा तपाइँ अमेरिकामा रहिरहन योग्य हुनुहुन्न भने तपाइँलाई हटाउने प्रक्रियामा राखिनेछ र तपाइँको मुद्दालाई अध्यागमन न्यायाधीशसमक्ष पठाइनेछ जसले तपाइँको शरण प्राप्तिको दावीलाई पुनः समीक्षा गर्नेछन्।

**मैले मेरो मुद्दाको स्थिति कसरी पत्ता लगाउन सक्छु ?**

कृपया तपाइँको शरण अन्तर्वार्ता लिएको वा लिने यु एस सी आई एस शरण कार्यालयमा सम्पर्क राख्नुस्।

**मैले कानुनबारे जानकारी कता पाउन सक्छु ?**

शरणका लागि कानुनी फाउन्डेसन अध्यागमन तथा राष्ट्रियता ऐन (Immigration and Nationality Act) को धारा २०८ बाट आएको छ। शरणका लागि योग्यताको आवश्यकता र प्रक्रियाको बारेमा वर्णन गर्ने संघीय नियमावलीलाई कोड अफ फेडरल रेगुलेसन (CFR) को 8 CFR § 208 मा पाउन सक्नुहुन्छ।

U.S. Citizenship and Immigration Services